देवाही गोनाही नगरपालिका

# स्थानीय राजपत्र

देवाही गोनाही नगरपालिकाद्वारा प्रकाशित

खण्डः ४, संख्या : २, मिति : २०७९/०५/०६

## भाग-१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम देवाही गोनाही नगरपालिकाको नगर सभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ।

२०७९ सालको ऐन नं. २

### देवाही गोनाही नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७९

**प्रमाणिकरण मिति : २०७९।०५।०६**

**प्रस्तावनाः** देवाही गोनाही नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क निर्धारण गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम देवाही गोनाही नगरपालिकाको नगर सभाले यो ऐन स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"देवाही गोनाही नगरपालिकाको आर्थिक ऐन, २०७९"** रहेको छ।



प्रमुख प्रशासकीय अधिकृत

(२) यो ऐन२०७९ साल श्रावण १ गते देखि देवाही गोनाही नगरपालिकाको भौगोलिक क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले देवाही गोनाही नगरपालिकाको आर्थिक ऐन, २०७९ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले देवाही गोनाही नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले देवाही गोनाही नगरपालिका सम्झनुपर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको वा नभएको जुन सुकै फर्म सम्झनुपर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायीत्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ ।

(च) "सभा" भन्नाले देवाही गोनाही नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

३. **सम्पत्ति कर :** नगरपालिकाको क्षेत्रभित्रको घर र घरले चर्चेको घरजग्गामा **अनुसुची-१** बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

४. **भूमिकर (मालपोत) :** नगरपालिकाको क्षेत्रभित्र दफा ३ बमोजिम बाहेकको अन्य जग्गामा **अनुसूचि-२** बमोजिमको भूमिकर (मालपोत) असूल उपर गरिनेछ ।

५. **घर जग्गा बहाल कर :** नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसुची-३** बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

६. **व्यवसाय कर :** नगरपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसुची-४** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

७. **बहाल बिटौरी शुल्क :** नगरपालिकाको क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका **अनुसुची-५** उल्लेखित हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार वहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

८. **पार्किङ शुल्क :** नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराएवापत **अनुसूचि-६** पार्किङ शुल्क असूल उपर गरिनेछ ।

९. **जडीबुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडीबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेवापत **अनुसुची-७** बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **सवारी साधन कर :** नगरपालिकाको क्षेत्रभित्र सञ्चालन भएका सवारी साधनमा **अनुसुची-८** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिमहुनेछ ।

११. **विज्ञापन कर :** नगरपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसुची-९** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

१२. **सेवा शुल्क, दस्तुर :** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको **अनुसूचि-१०** बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **प्राकृतिक स्रोत साधनको बिक्रीको न्यूनतम दर :** देवाही गोनाही नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका नदी, खोला, बगर, सार्वजनिक जग्गा, ऐलानी जग्गाको प्राकृतिक सम्पदाबाट उपलब्ध हुने ढुङ्गा, गिटी, बालुवा, माटोजन्य वस्तु र काठ दाउरामा **अनुसुची-११** बमोजिमको न्यूनतम दररेट कायम गरी प्रचलित कानूनबमोजिम विक्री गर्न सक्नेछ ।

१४. **कर छुट नहुने :** यस ऐन बमोजिम कर तिर्ने दायीत्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट हुने छैन ।

१५. **कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्वन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

१६. **अन्य व्यवस्था :** नगरपालिकाले विषयगत शाखा, वडा लगायत कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर वा जरिवानालाई सेवासँग आवद्ध गरी असुल उपर गर्नु पर्नेछ । तर नागरिकता सिफारिस व्यतिगत घटना दर्ता जस्ता कार्यलाइ शुल्क रहित सेवा प्रवाह गर्न बाधा पर्ने छैन ।

१७. **ऐन बमोजिम भए गरेको मानिने :** यो ऐन जारी हुनु भन्दा अघि भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१८. **नियम, कार्यविधि बनाउन सक्ने :** नगरपालिकाले यस विधेकमा भएका व्यवस्थालाइ कार्यान्वयन गर्न अवश्यक नियमावली बनाइ लागु गर्न सक्नेछ ।

१९. **प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेखित व्यवस्था यसै ऐन बमेजिम र उल्लेख नभएकाको हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

आ.व. ०७९/०८० मा लागु हुने सम्पति करको दर

### सम्पतिकर

| विवरण | रकम |
|---|---|
| रु १ करोड सम्मको सम्पतिकर | निशुल्क |
| रु १ करोड भन्दा माथिको सम्पतिकर | १.५०% |
| नोटः- जग्गाको मूल्यांकन गर्दा घर बनेको कित्ताको मूल्यांकन गर्नु पर्नेछ, तर घरले चर्चेको जग्गा भन्दा जग्गाको क्षेत्रफल बढी भएमा कूल क्षेत्रफलको ७० प्रतिशत जग्गाको मूल्यांकन गरिनेछ । चालु आ.व.को आश्विन मसान्त सम्म बुझाए ५% छुट र बक्यौतामा १०% जरिवाना लाग्नेछ । | |

**द्रष्टव्य :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पति करको मूल्यनिर्धारण गर्दा चालु आर्थिक वर्षमा मालपोत कार्यालयले लिखत (रजिष्ट्रेशन) पारितको लागि कायम गरेको मूल्यलाई नै आधार मानि सम्पति कर असुल गरिनेछ ।

## अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

आ.व. ०७९/०८० मा लागु हुने भूमिकर (मालपोत)

भूमिकर (मालपोत)

**देवाही गोंनाही नगरपालिका क्षेत्रभित्र भूमिकर (मालपोत) यस आ.व. २०७९।०८० को लागि भूमिकर (मालपोत) मिनाह गरिएको छ ।**

## अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

आ.व. ०७९/०८० मा लागु हुने घरबहाल करको दर

कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा

**क) बहाल कर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | लिने दिने बीचको सम्झौता बमोजिमको बहाल रकमको | १०% |



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

आ.व. ०७९/०८० मा लागु हुने व्यवसाय करको दर

## व्यवसाय कर :

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु (रु.) |
|---|---|---|
| | व्यापारीक बस्तु | |
| १ | **मदिरा पसल** | |
| | रक्सी, वियरको डिस्टिव्युटर्स | ७५००/०० |
| | रक्सी, वियरको थोक पसल | ३०००/०० |
| | रक्सी, वियरको खुद्रा बिक्री पसल | १५००/०० |
| २ | **पेट्रोलियम पदार्थ** | |
| | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | १००००/०० |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | ५०००/०० |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | ३०००/०० |
| | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | २०००/०० |
| | ग्यांस सिलिण्डर डिलर सब डिलर | १,०००/०० |
| विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | | |
| ३ | **चिकित्सक** | |
| | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर | १०,०००/०० |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | ५,०००/०० |
| | कबिराज र स्वास्थ्य कर्मी(क्लीनीक) | ३,०००/०० |
| ४ | **कन्सल्ट्यान्ट सेवा** | |
| | सूचीकृत वापत (घर नक्सा सम्बन्धी) | १५,०००/०० |
| | स्वास्थ्य सेवा तर्फ होसपिटल तथा नर्सिङ दर्ता | २५,०००/०० |
| | इन्जिनियरिङ परामर्श सेवा फर्म | ५०००/०० |
| | | |
| | | |
| ५ | **लेखा परीक्षण व्यवसाय तर्फ** | |
| | लेखा परीक्षण (सि.ए.) | ५,०००/०० |
| | लेखा परीक्षण (र.ले.प) | २,५००/०० |
| **निर्माण व्यवसाय** | | |
| | स्वदेशी निर्माण व्यवसायी | ४०००/०० |
| | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता | १००००/०० |
| ६ | **भवन निर्माण व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएकोलाई | ५,०००/०० |
| | सटरिङ्ग सामानमात्र भएको | २,५००/०० |
| | भवन निर्माण व्यवसायी | २०००/०० |
| उत्पादनमुलक उद्योग | | |



प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ७ | **चप्पल उद्योग** | |
| | चप्पल उद्योग श्रेणी क | ३०००/०० |
| | चप्पल थोक विक्रि पसल | २५००/०० |
| | चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी क | १०००/०० |
| | चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी ख | ५००/०० |
| ८ | **ग्रील उद्योग** | |
| | स्टील,आल्मूनियम ग्रील उद्योग | २५००/०० |
| | फलामको ग्रील उद्योग | २०००/०० |
| ९ | **पशुपालन तथा पशु आहार उद्योग** | |
| | पशु आहर उद्योग | १५००/०० |
| | पशु आहर विकी केन्द्र | ७००/०० |
| | पशु पंछी पालन उद्योग | ५००/०० |
| १० | **घरेलु कुटिर उद्योग** | |
| | अगर बत्ती उद्योग | ५००/०० |
| | मैन वत्ती उद्योग | ५००/०० |
| | टिकी उद्योग | ००/०० |
| | अचार उद्योग | २५०/०० |
| | अन्य कूटिर उद्योग | २५०/०० |
| ११ | **कृषि तथा बनजन्य उद्योग** | |
| | कृषि कृषक समूह दर्ता | १,०००/०० |
| | कृषि कृषक समूह नविकरण | ५००/०० |
| | कृषि तथा पशूपंछि फर्म | ३,०००/०० |
| | प्लाइउड उद्योग | १५,०००/०० |
| | समिल उद्योग | १०,०००/०० |
| | काठ विक्री डिपो | ४०००/०० |
| | काठको फर्निचर उद्योग,/शोरुम (ठूलो) | ५,०००/०० |
| | काठको फर्निचर शोरुम,(सानो) | २०००/०० |
| | वेतवांसको उद्योग/व्याम्वो शोरुम | १५००/०० |
| १२ | **खनिज उद्योग (कंक्रिट उद्योग)** | |
| | कंक्रिट व्लक | ३,०००/०० |
| | सेनेटरी उद्योग तथा व्यवसाय | २,५००/०० |
| | क्रेसर उद्योग/ईटा उद्योग | २५,०००/०० |
| १३ | **वित्तीय सेवा** | |
| | वाणिज्य वैंक मुख्य कार्यालय | २००००/०० |
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय | १५०००/०० |
| | विकास वैंक मुख्य कार्यालय | २००००/०० |
| | विकास वैंकप्रतिं शाखा कार्यालय | १५०००/०० |
| | फाइनान्स कम्पनी मुख्य कार्यालय | २००००/०० |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ९०००/०० |
| | लघुवित्त कम्पनीहरु | ५०००/०० |
| | विमा कम्पनीहरु | ७०००/०० |



प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | रेमिटान्स तथा मनी एक्सचेन्जर | २०००/०० |
| | वित्तीय (ऋण तथा बचत) सहकारी संस्था | २०००/०० |
| | अन्य सहकारी संस्था | १,०००/०० |
| | **शिक्षा सेवा** | |
| १४ | **निजी शिक्षालय** | |
| | क्याम्पस/उच्च माध्यमिक विद्यालय | १०,०००/०० |
| | माध्यमिक विद्यालय | ५,०००/०० |
| | निम्न माध्यमिक विद्यालय | २,५००/०० |
| | प्राथमिक विद्यालय / मन्टेश्वरी तथा शिशु स्याहर केन्द्र | १०००/०० |
| | छात्र / छात्रावास | २,०००/०० |
| १५ | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | |
| | ठूला उद्योग | ५०,०००/०० |
| | मझौला उद्योग | २५,०००/०० |
| | साना उद्योग , घरेलु | ५,०००/०० |
| १६ | **माथी उल्लेख नभएका अन्य पेशा व्यवसाय** | |
| | डिस्ट्रीबयुटर्स/थोक पसल | ३५००/०० |
| | खुद्रा पसल श्रेणी क | २५००/०० |
| | खुद्रा पसल श्रेणी ख | २०००/०० |
| | खुद्रा पसल श्रेणी ग | १५००/०० |
| | सेवा प्रदायक अन्य व्यवसाय | १५००/०० |

***द्रष्टव्य :***

१. पूँजी लगानीको आधारमा रु.३ लाख सम्मको व्यवसायलाई "ग"वर्ग, १० लाख सम्मलाई "ख" वर्ग र सोभन्दा माथिलाई "क" वर्ग मानिनेछ ।

२. दर्ता, नविकरण दस्तुर उल्लेख नभएका नगरपालिका क्षेत्रभित्र संचालित वा संचालन गरिने उल्लेखित व्यवसायहरु नगरपालिकामा दर्ता र नवीकरण गरेर मात्र संचालन गर्न सकिनेछ । यस आ.व. मा उल्लेखित कर बाहेक "क" वर्गको व्यवसाय दर्ता र नविकरण रु.२०००।, "ख" वर्गको कोलागि दर्ता र नविकरण रु. १०००। र "ग" वर्गको व्यवसाय दर्ताको लागि दर्ता र नविकरण रु. ५००।

२. माथि उल्लेखित बाहेक अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु.१००।- देखी ५०००।- सम्म दर्ता शुल्क र व्यवसाय कर लिने ।

३. व्यवसाय प्रत्येक वर्ष तोकिए बमोजिम व्यवसाय कर तिरी नवीकरण दस्तुर तिरेर नविकरण गर्नु पर्नेछ ।

**पुनश्च** :यसमा उल्लेखित व्यवसाय बाहेक नगरपालिकामा व्यवसायी र उद्योगीको सहमति अनुसार तिर्ने भनि व्यवस्था गरिएको रकममा नघटने गरी कर अशुली गरिने व्यवस्था कायम गरीने छ । वातावरण प्रदुशण कायम गर्ने उद्योगहरुको हकमा उद्योगसंग आपसी सहमतिमा निश्चीत रकम पर्यावरण शुल्क वापत अशुल गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## अनुसूची-५

(दफा ७ सँग सम्बन्धित)

आ.व. ०७९/०८० मा लागु हुने बहाल विटौरी शुल्कको दर

### बहाल विटौरी कर

(नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरेवापत निम्नानुसारको शुल्क लाग्ने छ। )

क) सार्वजनिक, ऐलानी जग्गा र सरकारी संरचना उपयोग :

| सि.नं. | विवरण | मासिक | वार्षिक रकम रु. |
|---|---|---|---|
| १ | सरकारी संरचना, सार्वजनिक, ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागी प्रति स्टल/कोठा/ठेला गाडी | ५००।०० | ५०००।०० |

## अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

आ.व. ०७९/०८० मा लागु हुने पार्किङ शुल्कको दर

| सि.नं. | विवरण | पार्कीङ शुल्क (रु. मा) |
|---|---|---|
| १ | वस,ट्रली, लहरी, हेभी गाडीमा | नि:शुल्क |
| २ | भाडा तथ निजी कार, जिप, | नि:शुल्क |
| ३ | भाडाको टेम्पो | नि:शुल्क |
| ४ | निजी मिनि वस | नि:शुल्क |
| ५ | निजी टेम्पो | नि:शुल्क |
| ६ | मोटरसाइकल | नि:शुल्क |
| ७ | ठेला/रिक्सा | नि:शुल्क |
| ८ | ट्याक्टर | नि:शुल्क |
| ९ | पावर टेलर | नि:शुल्क |
| १० | विद्युतिय रिक्सा | नि:शुल्क |
| ११ | एक्जाभेटर/डोजर | नि:शुल्क |
| १२ | स्कुटर | नि:शुल्क |
| | | नि:शुल्क |

## अनुसूची-७

(दफा ९ सँग सम्बन्धित)

आ.व. ०७९/०८० मा लागु हुने जडीबुटी, कवाडी र जीवजन्तु करको दर

| सि.नं. | विवरण | प्रति के.जी. (रु.मा) |
|---|---|---|
| १ | जडीबुटी | १।०० |
| २ | कवाडी मालसामान प्रति ट्रक | २०००।०० |

## अनुसूची-८

(दफा १०सँग सम्बन्धित)

आ.व. ०७९/०८० मा लागु हुने सवारी साधन करको दर

१. नगरपालिका क्षेत्रभित्र संचालन हुन सवारी साधनको वार्षिक सवारी कर प्रदेश कानून अनुसार ।



प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

## अनुसूची-९
(दफा ११सँग सम्बन्धित)
आ.व. ०७९/०८० मा लागु हुने विज्ञापन करको दर

**विज्ञापन कर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | क) व्यवसायिक प्रयोजनका लागि सार्वजनिक, स्थल, सडक छेउमा राखिएको होर्डिङ बोर्ड, भित्ते लेखन आदिमा प्रति वर्ग फिट (साधारण) | ५०।०० |
| | क) व्यवसायिक प्रयोजनका लागि सार्वजनिक, स्थल, सडक छेउमा राखिएको होर्डिङ बोर्ड, भित्ते लेखन आदिमा प्रति वर्ग फिट (सूर्तिजन्य) | ७५।०० |
| २ | ख) तुल, व्यानर आदिमा १ पटकको लागि प्रति फिट | ५।०० |
| ३ | ग) तुल, व्यानर आदिमा (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | ३,००।०० |

## अनुसूची-१०
(दफा १२ सँग सम्बन्धित)
आ.व. ०७९/०८० मा लागु हुने सेवा शुल्क तथा दस्तुरको दर

**१. सेवा शुल्क :**

**१.१. आयश्रोत प्रमाणित :-**

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | प्रति लाख | रु.२०।०० |

**२. भवन निर्माण (नक्शा पास) दस्तुर**

**२.१ पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि**

| सि.नं | भवनको प्रकार | वेसमेन्ट तल्ला | भूईतल्ला ( प्रति वर्ग फिट रु. ) | पहिलो तल्ला ( प्रति वर्ग फिट रु. ) | दोस्रो तल्ला ( प्रति वर्ग फिट रु. ) | तेस्रो तल्ला र सो भन्दा माथि - प्रति वर्ग फिट रु. ) |
|---|---|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | ०।५० | १।०० | १।५० | २।०० | २।५० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो - आर.सि.सि.को छानो भएको ) | - | १।०० | २।०० | ३।०० | - |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | - | ०।७५ | १।५० | - | - |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | - | ०।५० | १।०० | - | - |

| सि.नं. | कम्पाउन्डवालको प्रकार | प्रति रनिङ फिट रु. |
|---|---|---|
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | २।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ) | ५०।०० |



प्रमुख प्रशासकीय अधिकृत

## २.२ नयाँ भवन एवं संरचना निर्माण नक्सापास प्रयोजनका लागि

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँवायाँ बन्ने घर दर प्रति वर्ग फुट ( रु.मा) | शाखा सडकको दायाँवायाँ बन्ने घर दर प्रति वर्ग फुट ( रु.मा) | अन्य सडकको दायाँवायाँ बन्ने घर दर प्रति वर्ग फुट ( रु.मा) |
|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | | | |
| १.१ | वेसमेन्ट तल्ला | ३।५० | ३।०० | २।०० |
| १.२ | भूईतल्ला | ४।५० | ४।०० | ३।०० |
| १.३ | पहिलो तल्ला | ५।५० | ५।०० | ४।०० |
| १.४ | दोस्रो तल्ला | ६।५० | ६।०० | ५।०० |
| १.५ | तेस्रो तल्ला र सो भन्दा माथि | ७।५० | ७।०० | ६।०० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो ( आर.सि.सि.को छानो भएको ) | | | |
| २.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| २.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| २.३ | दोस्रो तल्ला | | | |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | | | |
| ३.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| ३.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| ४ | पटाहाको घेरावेरा लगाएतका कच्ची भवन | | | |
| ४.१ | भूईतल्ला | १।०० | १।०० | १।०० |
| ४.२ | पहिलो तल्ला | १।५० | १।५० | १।५० |
| सि.नं. | कम्पाउन्डवालको प्रकार | | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | ३।०० | ३।०० | ३।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० | १।०० | १।०० |
| ३ | तारबारको कम्पाउन्ड वाल (एकमुष्ठ) | ५० | ५०।०० | ५०।०० |
| | नक्सापास दस्तुर | | | |

नोट: व्यवशायिक भवनमा मापदण्ड र नियमानुसार सो ५० प्रतिशत थप दस्तुर समेत लाग्ने छ।

## ३.दण्ड जरिवाना

(क) नयाँ निर्माण अनुमती विना वनाएको हकमा ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

(ख) तल्ला थपमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३ | निर्माणको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

(ग) स्थानीय कानूनले निषेध गरेको कार्य गरेमा यस नगरपालिकाले जारी गरेको कानून बमोजि र सोमा उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम जरिवाना गरिनेछ ।

**४. सहकारी संस्था, लघु, घरेलु तथा साना उद्योग र संघ संस्था दर्ता तथा नवीकरण शुल्क :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | सहकारी संस्था दर्ता | रु. २०००। |
| २. | सहकारी संस्था नवीकरण | रु. १०००। |
| ३. | लघु उद्योग दर्ता | रु. १,०००। |
| ४. | लघु उद्योग नवीकरण | रु. ५००। |
| ५. | घरेलु उद्योग दर्ता | रु. २,०००। |
| ६. | घरेलु उद्योग नवीकरण | रु. १,०००। |
| ७. | साना उद्योग दर्ता | रु. ३,०००। |
| ८. | साना उद्योग नवीकरण | रु. २,०००। |
| ९. | संघ संस्था दर्ता | रु. २,०००। |
| १०. | संघ संस्था नवीकरण | रु. १,०००। |
| ११ | व्यपार व्यवसाय सँग सम्वन्धीत फर्म, किराना पसल, डीलर, डिष्ट्रीव्यूटर, खुद्रा पसल (दुकान) लगायत दर्ता | रु. १,०००। |
| १२ | व्यपार व्यवसाय सँग सम्वन्धीत फर्म, किराना पसल, डीलर, डिष्ट्रीव्यूटर, खुद्रा पसल (दुकान) लगायत नवीकरण | रु. ५००। |
| १३ | अनुमति /इजाजत शुल्क : | |
| | क्रसर उद्योग | रु. १५,०००। |
| | अन्यको अनुमति | रु. ५,०००। |
| | मझौला उद्योग | रु. ३५,०००। |
| | ठूला उद्योग | रु. ५०,०००। |
| १४ | उद्योग, व्यवसाय बाहेकको काममा अनुमति | रु. १,०००। |

**५. सिफारिश तथा अन्य सेवा शुल्कको दर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | नेपाली नागरिकता सिफारिस | |
| | क) वंशज | निःशुल्क |
| | ख) वैवाहिक अंगिकृत | निःशुल्क |



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| | ग) प्रतिलिपि | नि:शुल्क |
| २ | राहदानी सिफारिश | नि:शुल्क |
| ३ | नाता प्रमाणित सिफारिश | नि:शुल्क |
| | क) नेपालीमा (मृतक संग) | नि:शुल्क |
| | ख) नेपालीमा (अन्य संग) | नि:शुल्क |
| | ग) अग्रेजीमा | नि:शुल्क |
| ४ | नाम थर संशोधन सिफारिस | नि:शुल्क |
| ५ | विधुत/धाराको सिफारिश | |
| | क) घरायसी/कृषि | नि:शुल्क |
| | ख) व्यापारिक | ३००।०० |
| | ग) लघु उद्योग | ५००। |
| | ग) घरेलु उद्योग | १०००। |
| | ग) साना औद्योगिंक | १,०००।०० |
| | घ) ठुलो औद्योगिक | ५,०००।०० |
| ६ | विधुत/धारा नामसारी सिफारिस | नि:शुल्क |
| ७ | आय श्रोत सिफारिश | नि:शुल्क |
| ८ | बसोवास प्रमाणित सिफारिश | नि:शुल्क |
| ९ | जन्म मिति प्रमाणित सिफारिस | नि:शुल्क |
| | अग्रेजीमा | नि:शुल्क |
| | नेपालीमा | नि:शुल्क |
| १० | जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि सिफारिस दस्तुर | नि:शुल्क |
| ११ | घर निर्माण सम्पन्न सिफारिस प्रति तल्ला | २००।०० |
| १२ | घर नक्सा पास नामसारी | |
| | क) कच्ची घर | ३००।०० |
| | ख) १ तल्ले सम्मको पक्की घर | १,०००।०० |
| | ग) २ तल्ले सम्मको पक्की घर | २,०००।०० |
| | घ) २ तल्ले भन्दा बढिको पक्की घर | ५,०००।०० |
| | ङ) घर जग्गा नक्सा पास किताब | ५००।०० |
| १३ | घर कायम सिफारिश | |
| | क) पक्की | ३००।०० |
| | ख) कच्ची/साधारण | नि:शुल्क |
| १४ | घर/बाटो प्रमाणित (मालपोत रजिष्ट्रेशन प्रयोजनको लागि ) मालपोत मूल्यांकन वा मालपोत मूल्यांकनमा नघटने गरी स्वघोषणा गरेको मूल्यांकन रकमका | नि:शुल्क |
| १५ | चारकिल्ला प्रमाणित प्रति कित्ता | नि:शुल्क |
| १६ | घरजग्गा नामसारी सिफारिश | नि:शुल्क |
| १७ | छुट जग्गा नामसारी सिफारिस दस्तुर (प्रति कट्ठा) | नि:शुल्क |
| १८ | छुट तथा आकडा जग्गाको सिफारिश (प्रति कट्ठा) | नि:शुल्क |
| १९ | विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | नि:शुल्क |
| २० | विटौरी जग्गा नामसारी, राजिनामा, वकसपत्र, अंशवण्डा आदिबाट हक हस्तान्तरण सिफारिश | नि:शुल्क |
| २१ | विटौरी जग्गा नामसारी (मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | नि:शुल्क |
| २२ | मोही नामसारी सिफारिश | नि:शुल्क |
| २३ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यु.फि.) | नि:शुल्क |



प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २४ | कच्चीघर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.) | नि:शुल्क |
| २५ | अंग्रेजी सिफारिस दिनु पर्दा आय श्रोत र अचल सम्पति बाहेकमा | १००।०० |
| २६ | संस्था दर्ता सिफारिस दस्तुर | ५००।०० |
| २७ | नाफामूलक संस्था दर्ता सिफारिस दस्तुर | १,०००।०० |
| २८ | निजी विद्यालय संचालन सिफारिश | ५,०००।०० |
| २९ | निजी विद्यालय कक्षा संचालन तथा स्तर बृद्धिको सिफारिश | ३,०००।०० |
| ३० | दलित जनजाति मधेशी तथा अन्य प्रमाणित सिफारिस | नि:शुल्क |
| ३१ | चारित्रिक सिफारिस दस्तुर न.पा . बाहिर | नि:शुल्क |
| ३२ | चारित्रिक सिफारिस दस्तुर न.पा. भित्र | नि:शुल्क |
| ३३ | भारत जाने सिफारिस | नि:शुल्क |
| ३४ | अन्य मुलुक जाने सिफारिश | नि:शुल्क |
| ३४ | व्यक्ति प्रमाणित | नि:शुल्क |
| ३५ | मृत्यु प्रमाणित सिफारिश(व्यक्तिगत घटना लागुहुन भन्दापूर्वको अवस्थामा ) | नि:शुल्क |
| ३६ | अन्य प्रमाणित सिफारिश (व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा) | नि:शुल्क |
| ३७ | विवहा सिफारिश | नि:शुल्क |
| ३८ | वैदेशिक खाता खोल्ने प्रयोजनको लागि सिफारिश | नि:शुल्क |
| ३९ | पेन्सनरहरुको लागि जीवित रहेको भन्ने व्यहोराको सम्पर्क सिफारिश | नि:शुल्क |
| ४० | परिचय सिफारिश | नि:शुल्क |
| ४१ | पेन्सन प्रयोजनको लागि ठेगाना संशोधन सिफारिश | नि:शुल्क |
| ४२ | छात्रवृति सिफारिश | निशुल्क |
| ४३ | उपचार सहयोग सिफारिश | निशुल्क |
| ४४ | बसाई सराई गरी अन्यत्र सामानहरु लिई जादा सिफारिश माग भई आएमा | नि:शुल्क |
| ४५ | उद्योग ठाँउसारी सिफारिश | |
| | ठुला | १०,०००।०० |
| | मझौला | ५,०००।०० |
| | साना | १,०००।०० |
| | घरेलु | ५००।०० |
| | लघु | ४००।०० |
| ४७ | चारित्रिक सिफारिश | नि:शुल्क |
| ४८ | जग्गा सम्वन्धि अन्य सिफारिश (हकभोक समेत) | नि:शुल्क |
| ४९ | सार्वजनिक यातायातका साधन नचलेको व्यहोराको सिफारिश | नि:शुल्क |
| ५० | दैवी विपत्ति वा भवितव्य परेको सिफारिश | निशुल्क |
| ५१ | हराएको प्रमाण पत्रको प्रतिलिपि सिफारिश | नि:शुल्क |
| ५२ | पेशा व्यवशाय संचालनमा रहेको/वन्द रहेको अवस्थाको सिफारिश | नि:शुल्क |
| ५३ | न.पा.मा कर चुक्ता गरे पछि दिईने कर चुक्ता सिफारिश | नि:शुल्क |
| ५४ | परिवार ल्याएको ।नल्याएको सिफारिश | नि:शुल्क |
| ५५ | विदेशी संग विवहा दर्ता सिफारिश | नि:शुल्क |
| ५६ | ठेकका पट्टा इजाजत सिफारिस | २०००।०० |
| ५७ | मोवाइल टावर इजाजत सिफारिस | २०००।०० |
| ५८ | पेट्रोल पम्प स्थापना सिफारिस | ५०००।०० |
| ५९ | अपुताली प्रमाणित | |
| | क) नेपालको लागि | ५००।०० |
| | ख) विदेशको लागि | १,०००।०० |



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | |
|---|---|
| ६० | धारा जडान गर्दा न.पा.ले निर्माण गरेका कच्ची, ग्राभेल, र पिच सडक कटान गरी लैजानु पर्ने भए लाग्ने दस्तुर रु. ५००।-, १०००।- र २०००।- |

## ६. सिफारिश तथा अन्य सेवा शुल्कको दर :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | निवेदन दस्तुर | नि:शुल्क |
| २ | निवेदन फाराम मूल्य | २०।०० |
| ३ | नागरिकता अनुसूची /प्रतिलिपि फाराम दस्तुर | ५०।०० |
| ४ | व्यवशाय प्रमाणपत्र दस्तुर | ५०।०० |
| ५ | व्यवशाय नामसारी/प्रतिलिपि/साझेदार थप घट | २००।०० |
| ६ | सम्पति कर फाराम दस्तुर | २०।०० |

## ७. अन्य सेवा शूल्कको दर :

| सि.न. | सेवाको किसिम | दर |
|---|---|---|
| १ | घर नक्सा पास पुस्तिका | रु.५००।०० |
| २ | सर्जमिन मुचुल्का | रु.५००।० |
| ३ | सामुदायिक मध्यस्थ सेवा | रु.१००/- |
| ४ | रकम कलम उठाई दिए वापत प्रतिहजार | १०% |
| ५ | सवै खाले निवेदन फारामहरु प्रतिगोटा | रु.२०।- |
| ६ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | रु.५००।-/५००।- |
| ७ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | रु.१००।- |
| ८ | न.पा. को श्रोत नक्सा $A_3$साइज प्रति गोटा | रु.५०।- |
| ९ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | रु.२००।- |
| १० | विभिन्न नक्सा सानो साइजको प्रतिगोटा | रु.१००।- |
| ११ | टोल विकास संस्था दर्ता शुल्क/नविकरण | रु.५००।- |
| १२ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | रु.१००।- |
| १३ | स्थलगत प्राविधिक सेवा शुल्क | रु.१०००।- |
| १४ | घर खाली गर्ने | रु.१,५००।- |
| १५ | साँधसिमाना छुट्याउने पहिलो कित्ताको लागि | रु.१०००।- |
| १६ | त्यसपछि ५ कट्ठा सम्म क्षेत्रफल भएको थप प्रतिकित्ता | रु.५००।- |

## ८. फोटोकपि/प्रतिलिपि सेवा शुल्क

| क.सं | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | कम्प्युटर प्रिन्टबाट प्रतिलिपि दिदा | १०.०० |
| २ | फोटोकपि शूल्क प्रति गोटा | ३.०० |
| ३ | नक्कल प्रमाणित दस्तूर प्रति कपि | ५.०० |

## ९. नगर सूचना केन्द्रका सामग्रीको दैनिक भाडादर :

| सि.नं. | विवरण | सेवा शुल्क |
|---|---|---|
| १ | मल्टीमिडिया प्रोजेक्टर | ५००.०० |
| २ | कम्प्युटर/साउण्ड सिष्टम प्रति दिन | ७००.०० |



प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| ३ | ह्वाइट र सफ्ट बोर्ड प्रति सेट | २००.०० |
| ४ | लेवल मेसिन प्रतिदिन | ५००.०० |

## १०. टिफर/ब्याकु लोडर, एम्बुलेन्स र सेफ्टी ट्याङ्की सक्सन मसिन भाडा महशुल दर :

| सि.नं | विवरण | प्रति घन्टा | प्रति सिफ्ट | कैफियत |
|---|---|---|---|---|
| १ | व्याक हो लोडर, जे.सि.बी | | | व्याक हो लोडरको हकमा सवारी ईन्धन र चालकको भत्ता रु १००।०० प्रति घण्टा सम्वन्धित लैजानेले भुक्तानी गर्ने गरी प्रति घण्टा रु. १,१००।०० र नगर बाहिर रु १,३०० र नगरले तेल प्रयोग भएमा रु. २,२००।०० भुक्तानी गर्नु पर्नेछ। नगरपालिका क्षेत्रभित्र रु. २,६००। |
| २. | ट्रेक्टर, ग्रेडर,पानी टंकी,सैफटी टयांक | | | १. सेफ्टी ट्याङ्की (पक्की) सफा गरेको प्रति टयाङ्की २,०००।०० र नगरपालिका क्षेत्र बाहिर रु. ३५,०००।<br>२. सेफ्टी ट्याङ्की (रीङ्गवाला) सफा गरेको प्रति टयाङ्की १,५००।०० र नगरपालिका क्षेत्रबाहिर रु. ३,०००।<br>२. खाली पानि टयाङ्की रु.१०००। र ट्रेक्टर ,पानी टयाङ्की चालक सहित इन्धन बाहेक रु.२५००। प्रतिदिन । |
| ३. | एम्बुलेन्स | | | १. प्रसुती सेवा ग्राहीको हकमा देवाही गोनाही नगरपालिका क्षेत्रभित्र नि:शुल्क<br>२. देवाही गोनाही देखी गौर रु. १,५००।००<br>३. देवाही गोनाही देखि, शिवनगंर, गरुडा, सुकदेव चौक सम्म रु. ५००।००<br>४. देवाही गोनाही देखि चन्द्रपुर सम्म रु. १,५००।००<br>५. देवाहीं गोनाही देखि भरतपुर सम्म रु. ६,०००।००<br>६. देवाही गोनाही देखि काठमाण्डौ सम्म रु. १०,०००।००<br>७. देवाही गोनाही देखि हेटौडा सम्म रु. ४,५००।०० |
| यहां उल्लेख नभएकोमा प्रचलित नियम कानुनमा उल्लेख भए बमोजिम भाडा लिइनेछ । | | | | |

## ११. मूल्याङ्कन दस्तुर :

आ.व. २०७९/०८० को लागि

| क.सं. | मूल्याङ्कन हुने सम्पतिको दायरा | | | | मुल्याङ्कन दस्तुर |
|---|---|---|---|---|---|
| १ | १ लाख | देखि | ५० लाख | सम्म | नि:शुल्क |
| १० | ५० लाख १ | देखि | ६० लाख | सम्म | १,०००/- |
| ११ | ६० लाख १ | देखि | ७० लाख | सम्म | २,०००/- |
| १२ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ३,०००/- |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | ८० लाख १ | देखि | ९० लाख | सम्म | ४,०००/- |
| १४ | ९० लाख १ | देखि | १ करोड | सम्म | ५,००० /- |
| १५ | १ करोड १ | देखि | १ करोड ५० लाख सम्म | सम्म | १५,००० /- |
| १९ | १ करोड ५० लाख | देखि | २ करोड | सम्म | २५,०००/- |
| २० | २ करोड | देखि | ३ करोड | सम्म | ३५,०००/- |
| २१ | ३ करोड १ | देखि | ४ करोड | सम्म | ४०,०००/- |
| २२ | ४ करोड १ | देखि | ५ करोड | सम्म | ५०,०००/- |
| २३ | ५ करोड १ | देखि | माथिको मुल्यांकन | | ६०,०००/- |

११. **ठेक्काको लागि न्यूनतम दर रेट सम्बन्धी व्यवस्था :** नगर कार्यपालिकाको बैठकबाट भएको निर्णय अनुसार हुनेछ ।

**नोटः** यस अनुसूचिमा उल्लेख नभएको कुनै सेवाको हकमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यमा रु. ५००। सेवाशुल्क वा दस्तुर लाग्नेछ ।

## अनुसूची-११

(दफा १३ सँग सम्बन्धित)

आ.व. ०७९/०८० मालागु हुने प्राकृतिक श्रोत साधनको विक्रीको न्यूनतम दर

| क.सं. | विवरण | न्यूनतम दर |
|---|---|---|
| १ | बालुवा, गिटी एवं माटोजन्य वस्तु प्रति घनमिटर | रु. २००। |
| २ | काठ प्रति क्यूब फिट | रु.१०००। |
| ३ | दाउरा, जराजुरी प्रति ट्याक्टर | रु. २०००। |

*उल्लेखित अनुसारको कर, दस्तुर र सेवा शुल्क तथा मालपोत रजिष्ट्रेशन र प्राकृतिक श्रोतसाधनबाट उठने शुल्क समेतबाट नगर क्षेत्रमा चालु आ.व. २०७९।०८० मा करिब १ करोड एक्काइस लाख मात्र आन्तरिक आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।*

आज्ञाले,
सिकिन्द्र प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत





CamScanner